जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २१ २०७८ साल साउन २७ गते बुधबार (11 Aug. 2021 Wednesday) मूल्य रु. ५/-

प्राकृतिक विपत्ति न्यूनीकरणका लागि सामूहिक सचेतना जगाऔ

- जथाभावि सडक निर्माण र वनविनाशले बाढी पहिरो निम्त्याउछ ।
- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- विपत्ति आउनु अघि नै सजगता अपनाऔ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : आदिवासी जनजातिहरूको ... ३ पृष्ठमा : हाइब्रिड धानमा प्रविधि ... ३ पृष्ठमा अमेरिका गैरजिम्मेवाररुपमा...

# ज्योती मृत्यु प्रकरणमा केटा बिरुद्ध किटानी जाहेरी



**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

सप्तरीको सुरुङ्गा नगरपालिका ७ पोखरीयाकी १९ वर्षिया ज्योती पासवानले साउन २३ गते आफ्नै कोठामा झुण्डिएर आत्महत्या गरेकी प्रकरणमा मंगलबार माइती पक्षले केटा बिरुद्ध किटानी जाहेरी दर्ता गराएका छन् ।

ज्योतीका बुबा प्रमोद पासवानले ज्योतीलाई विहे गरि लगेका सोही वडा निवासी कृष्ण मिश्र बिरुद्ध इलाका प्रहरी कार्यालय कडोरबोनामा किटानी जाहेरी दिएका हुन् ।

जाहेरीमा मिश्रमाथी आत्महत्या दुरुत्साहन, जातिय छुवाछुत र जबरजस्तीकरणी मुद्दा अन्तरगत पक्राउ गरि कारवाही चलाउन माग गरिएको छ । यता मिश्र भने विगत दुई महिनादेखी फरार छन् ।

घटना विवरण अनुसार ज्योती र कृष्णबीच गहिरो प्रेम सम्बन्ध रहेको तर, तल्लो जातको केटी भएको भन्दै कृष्णका अभिभावकले असहमति जनाएपछि पाँच महिनाअघि ज्योतीलाई लिएर कृष्ण बुटवल पुगेका थिए । यसबीचमा दुबै जनाले जनकपुरस्थित रामजानकी मन्दिरमा पुगि विहे गरेका थिए ।

एक साता अघि छोरीले फोन गरेर आफू लहानस्थित पुष्पाञ्जली लँजमा अलपत्र अवस्थामा रहेको भन्दै फोन गरेपछि आमा इनरदेवी र बुबा प्रमोद केही मान्छे लिएर लहान पुगेका थिए ।

छोरीलाई लिएर इलाका प्रहरी कार्यालय लहान पुगेकी आमा इनरदेवीले ज्योतीले त्यती बेला प्रहरीलाई दिएको बयानमा बजारको केही काम छ र चाडै आउछु भन्दै कृष्ण निस्केका बताएका थिए । तर सात दिन बितिसक्दा पनि फर्केर नआएपछि आमा बुबालाई खबर गरे, प्रहरीलाई उनले दिएको बयानमा उल्लेख गरेकी थिइन् ।

इलाका प्रहरी कार्यालयका प्रहरी निरिक्षक बिरेन्द्र पासवानले पोष्टमार्टम रिपोर्ट आउन बाँकी रहेपनि प्रहरीले आफ्नो तर्फबाट गर्नुपर्ने सबै पाटोबाट अनुसन्धान गरिरहेको जानकारी दिएका छन् ।

यता ज्योतीको आत्महत्या प्रकरणको विभिन्न दलित अधिकारवादी संघसंस्थाले घटनाप्रति चासो देखाउँदै घटनाको छानबिन र दोषिमाथी कडा कारवाहीको माँग गरेका छन् ।

# ब्राउन सुगरसहित सप्तरीका पाँच यूवक पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, २६ साउन ।**

सुनसरीको इनरुवा बसपार्कबाट ब्राउन सुगरसहित कारमा सवार सप्तरीका पाँच युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा लागुऔषध नियन्त्रण व्यूरो विराटनगर र जिल्ला प्रहरी कार्यलाय सुनसरीबाट खटिएको प्रहरी टोलीले इनरुवा नगरपालिका वडा नं. ४ स्थित इनरुवा बसपार्कबाट कारमा सवार पाँच जनालाई ब्राउन सुगरसहित पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ रम्पुरा मल्हनिया निवासी २० वर्षीय अमोद कुमार यादव, २४ वर्षिय बिनोद कुमार कामत, तिलाठी कोइलाडी गाउँपालिका ४ निवासी २० वर्षीय ईनर कुमार मुखिया, सोही गाउँपालिका ४ निवासी १९ वर्षीय रमेश मुखिया र कार चालक सोही वडाका २२ वर्षीय फूल कुमार मुखिया रहेका छन् ।

पश्चिमबाट आउँदै गरेको बा.१४च ६१४५ नम्बरको कारलाई रोकी चेकजाँच गर्दा अमोदकुमार यादवको साथबाट १ सय ३० ग्राम ब्राउन सुगर फेला परेको प्रहरीले जनाएको छ ।

ब्राउन सुगर फेला परेपछि थप अनुसन्धानको लागि कारसहित पाँचै जनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

# थप ४ हजार ९ सय ४ मा संक्रमण पुष्टि

**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**


नेपालमा थप ४ हजार ९ सय ४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ भने ३५ जनाको कोभिड-१९ का कारण मृत्यु भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नेपालमा संक्रमितको कुल संख्या ७ लाख ९१ हजार नाघेको छ भने मृतकको संख्या १० हजार १ सय ५० पुगेको छ ।

मंगलबार सार्वजनिक तथ्याङ्क अनुसार १९ हजार १ सय २३ जनाको परीक्षण गर्दा त्यति संख्यामा संक्रमण पुष्टि भएको

*बाँकी अन्तिम पृष्ठमा*

# एजेन्टको प्रलोभनमा परि तीन यूवाको लाखौं ठगिए



लिखितम तपसिलका कागजमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं.६ बस्ने प्रकाश दासको छोरा वर्ष ३६ को संजय दास ...१, जिल्ला सप्तरी विष्णुपुर गाउपालिका वडा न.१ बस्ने विहारी यादवको छोरा वर्ष २७ को वेदानन्द यादव ...१, जिल्ला सप्तरी राजविराज नगपालिका वडा न.१ बस्ने इन्द्र नारायण दासको छोरा वर्ष ३४ को धिरेन्द्र कुमार दास ...१ आगे बैदेशिक रोजगारमा पठाउने व्यक्ति जिल्ला सप्तरी रुपनी गाउपालिका वडा न.२ बस्ने लोचन यादवको छोरा वर्ष ३२ को अशोक कुमार यादवले उल्लेखित व्यक्तिहरु संजय दास संग नगद रु.२,४३,६००/- दुई लाख त्रिचालिस हजार छ सय रुपैया, बेदानन्द यादव संग नगद रु.२,४३,६००/- दुई लाख त्रिचालिस हजार छ सय रुपैया र धिरेन्द्र कुमार दास संग [illegible] एक लाख [illegible] हजार छ सय रुपैया समेत लिई विदेश दुबई गैर कानुनी काममा पठाएको हुदाँ तिनै जना जसो तसो घर फर्कि आउदा अशोक कुमार यादवले आजको मितिबाट एक महिना भित्र तपाईहरुको रुपैया चुक्ता गरी बुझाउँला नबुझाए झैलबखेडा गर्न पट्टी लागे भने बैदेशिक रोजगार ऐन् कानुन बमोजिम सहुला भोगोला भनि मेरो मनोमान खुसीराजी संग फडके किनाराका साक्षीहरुको रोहबरमा यो कागज लेखी लेखाई सही छाप गरी तपाइंहरु संजय दास, बेदानन्द यादव र धिरेन्द्र कुमार दासलाई एक एक प्रति दिएको हुँ । ईति सम्वत् २०७७ साल पौष २५ गते रोज ७ शुभम...





**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

एजेन्टको प्रलोभन र ठगिको शिकारमा परेका सप्तरीका तीन जना यूवाहरु विगत एक वर्षदेखी न्यायको खोजीमा भौतारिदै छन् ।

एजेन्टले भने अनुसारको काम नपाएपछि एक महिनासम्म दुबईमा अलपत्र परेर जसोतसो घर फर्किएका राजविराजका संजय दास, धिरेन्द्र कुमार दास र जिल्लाको विष्णुपुर गाउँपालिकाका बेदानन्द यादव विगत एक वर्षदेखी न्यायका लागि प्रहरी र संचारकर्मीसमक्ष न्यायका लागि पहल गरिदिन आग्रह गरेका छन् ।


आकर्षक तलब र रोजगारी दिलाउने प्रलोभन देखाई लाखौं रकम ठगि गर्ने जिल्लाकै रुपनी गाउँपालिका २ बस्ने म्यानपावर एजेन्ट अशोक कुमार यादवले संजय दासलाई दुबईको नुन फुड कम्पनीमा आकर्षक तलबसहित प्याकिङको काममा लगाइदिने भन्दै २ लाख ४३ हजार ६ सय रुँपैया, बेदानन्दबाट २ लाख ४२ हजार ३ सय र धिरेन्द्रसँग १ लाख ८६ हजार रुँपैया लिएको पीडितहरुले बताएका छन् ।

दुबई पुगेपछि एजेन्टले भने अनुसारको काम नपाइएको र एक महिनासम्म आफूहरु अलपत्र र कष्टकर जिवन बिताएर जसोतसो घर फर्किएको अर्का पीडित बेदानन्दले सुनाए ।

२०७५ पुस २५ गते आफूहरु फर्किएपछि सिधै जिल्ला प्रहरी कार्यालयमा पुगि ठगि गर्ने एजेन्ट अशोक बिरुद्ध उजुरी दिँदा उनलाई प्रहरीले पक्राउ गरी एक दिन हिरासतमा राखेको थियो । हिरासतमा रहेका बेला अशोकले प्रहरी समक्ष पीडितहरुले भने अनुसारको रकम लिएको स्विकार्दै एक महिना भित्र रकम फिर्ता गर्ने कागज समेत गरीदिएका थिए । सोही शर्त र कागज गरिदिएपछि थुनामुक्त भएका अशोक हाल फरार भएको पीडितहरुको गुनासो छ । यस्तै पीडित वेदानन्दले प्रहरीमा जाँदा निजको खोजतलास भईरहेको जवाफ बाहेक केही पाउन नसकेको बताएका छन् ।

यता जिल्ला प्रशासन कार्यालयस्थित सुरक्षित आप्रवाशन परियोजनामा समेत लिखित जानकारी गराएको र त्यहाँबाट

*बाँकी अन्तिम पृष्ठमा*





नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं

## सम्पादकीय

# विकासमा जनताको खबरदारी आवश्यक

कुनै पनि स्थानको विकास गर्नु अत्यन्त सह्तनिय कार्य हो । विकासको नाममा भ्रष्टाचार गर्नु त्यो चाही कानुन विपरीत कार्य तथा जनताको चहानामाथी कुठाराघात गर्नु हो । विकास भन्ने शब्द यस्तो पाटो हो जसले समाजको भौतिक रुपलाई सुन्दर बनाउछ । जुन सबै जनताको पहिलो चाहना र काम गर्ने नेताको पहिलो प्राथमिकतामा पर्दछ । समाजमा परिवर्तन ल्याउनु छ भने सबै भन्दा पहिले विकास अनिवार्य हो ।

सप्तरी जिल्ला यही “विकास” को पर्खाईमा दशकौंदेखी भौतारिदै छ । विगतको दुई दशक जनप्रतिनिधि विहीन रहेको मुलुकमा विकास त भयो तर, जनताले चाहे अनुसारको भएन्, कर्मचारीको चाहना अनुसारको केही काम भए । विगत चार वर्षदेखी जनताबाट चुनिएर आएका जनप्रतिनिधिहरुले विकास त गर्न तिलमिलाए तर, भ्रष्टाचार समेत गर्न भ्याए । जसकारण कुनै-कुनै स्थानमा त विकासको नाममा ब्रहमलुट नै मचिए । केही प्रतिशतमा विकास भने भएको छ । जुन अत्यन्त सह्तनिय कार्य हो । विकासका लागि जनप्रतिनिधिहरुको सकारात्मक कदम, जनताको साथ र सहज वातावरण आवश्यक पर्दछ । यी तीनै कुरा मिल्न सके मात्र विकास सम्भव छ । होइन भने जति चाहे पनि विकास हुदैन् ।

तसर्थ कुनै पनि स्थानको विकासका लागि सकारात्मक सोच आवश्यक पर्दछ । यसका लागि स्थानिय जनताको खबरदारी आवश्यक पर्दछ । अनि मात्र जनप्रतिनिधिहरु तदारुकताका साथ अगाडी बढ्न सक्छन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आदिवासी जनजातिहरूको अधिकार सुनिश्चित गर्न सरकारहरु असफल : एम्नेस्टी

**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

एम्नेस्टी इन्टरनेसनल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सीएसआरसी) ले प्रकाशित गरेको नयाँ प्रतिवेदनमा दुर्व्यवहारपूर्ण संरक्षण नीतिको परिणामस्वरुप नेपालका आदिवासी जनता विगत पाँच दशकदेखि शृङ्खलाबद्ध मानवअधिकार उल्लङ्घनबाट पीडित हुनुपरेको उल्लेख गरिएको छ ।

संरक्षणको नाममा मानवअधिकार उल्लङ्घन नामक उक्त प्रतिवेदनले राष्ट्रिय निकुञ्ज र अन्य ‘संरक्षित क्षेत्रहरू’को स्थापनाले कसरी लाखौँ आदिवासी जनतालाई जबर्जस्ती आफ्नो पुर्ख्यौली भूमिबाट निष्कासन गरी आफ्नो जीविकोपार्जनको लागि निर्भर रहेको क्षेत्रहरूमा उनीहरूलाई पहुँच प्रदान गर्न अस्वीकार गरिएको छ भन्ने घटनाहरूको दस्तावेजीकरण गरेको छ । चितवन र बर्दिया राष्ट्रिय निकुञ्जका उदाहरणहरूमा केन्द्रित रहँदै यस प्रतिवेदनले यी नीतिहरूको कार्यान्वयनका कारण कसरी बारम्बार स्वेच्छाचारी गिरफ्तारी, यातना, गैरकानूनी हत्या र अनौपचारिक बस्तीबाट जबर्जस्ती निष्कासनका घटनाहरू भएका छन् भन्ने बारेमा प्रकाश पारेको छ ।

‘संरक्षण सफलताको क्षेत्रमा नेपाललाई प्राय उदाहरणीय रूपमा लिने गरिन्छ तर, दुर्भाग्यवस पुस्तौंदेखि त्यस क्षेत्रमा बसोबास गरी सो भूभागमा निर्भर रहँदै आएका आदिवासी जनजातिहरूले उक्त सफलताको उच्च मूल्य चुकाउनु परेको छ,’ एम्नेस्टी इन्टरनेसनलकी दक्षिण एसिया क्षेत्रीय उपनिर्देशक दिनुशिका दिसानायकाले भनिन् ।

सन् १९७० को दशकदेखि नेपालको सरकारहरूले चालेका संरक्षणका कदमले आदिवासी जनजातिहरूलाई आफ्नो पुर्ख्यौली भूमिबाट जबर्जस्ती बेदखल गर्नुका साथै उनीहरूको परम्परागत खाना, औषधिजन्य जडिबुटी र अन्य स्रोतहरूमाथिको पहुँचलाई सीमित बनाएको र यी नीतिहरूको दमनकारी कार्यान्वयनले गर्दा यातना, दुर्व्यवहार र गैरकानूनी हत्याका असंख्य घटनाहरू भएको उनको भनाइ छ ।

**जबर्जस्ती निष्कासन**

राष्ट्रिय निकुञ्ज तथा अन्य ‘संरक्षित क्षेत्रहरू’ले नेपालको झन्डै एक चौथाई भूभाग ओगटेको भन्दै प्रतिवेदनमा धेरैजसो भूभाग ती आदिवासी जनजातिहरूको पुर्ख्यौली भूमिमा अवस्थित रहेको जनाइएको छ । निकुञ्ज र संरक्षित क्षेत्रहरू स्थापना भएको दशकौँपछि पनि निष्कासित कैयौँ आदिवासी जनजातिहरू भूमिहीन छन् र उनीहरू हाल बसोवास गरिरहेको अनौपचारिक बस्तीहरूबाट जबर्जस्ती रूपमा निष्कासित गरिने जोखिममा रहेको पनि प्रतिवेदनमा औंल्याइएको छ ।

AMNESTY INTERNATIONAL
AMNESTY INTERNATIONAL NEPAL SECTION

हालै एम्नेस्टी इन्टरनेसनल र सीएसआरसीले चितवन र बर्दियालगायतका राष्ट्रिय निकुञ्जका अधिकारीहरूद्वारा आदिवासी जनजातिहरूलाई जबर्जस्ती निष्कासित गरिएको तथा जबर्जस्ती निष्कासनको प्रयास भएको थुप्रै घटनाको दस्तावेजीकरण गरेको जनाइएको छ । २०७७ साउन ३ गते (१८ जुलाई २०२०) चितवन राष्ट्रिय निकुञ्जका अधिकारीहरूले बाढी तथा पहिरोको कारण विस्थापित भएर मध्यवर्ती क्षेत्र (स्थानीयलाई वनको स्रोतमा पहुँच पुऱ्याउन छुट्याइएको निकुञ्जको सीमा बाहिरको क्षेत्र) मा बसोबास गर्दै आएका चेपाङ समुदायका दश परिवारलाई जबर्जस्ती निष्कासन गरेको पनि प्रतिवेदनमा उल्लेख छ ।

ती परिवारहरूलाई निष्कासन गर्नु एक हप्ता अगाडि मात्र मौखिक सूचना दिइएको थियो भन्ने जानकारी एम्नेस्टी इन्टरनेसनल र सीएसआरसीले प्राप्त गरेको तथा यो अन्तर्राष्ट्रिय मापदण्ड र नेपालको नयाँ आवासको अधिकारसम्बन्धी ऐन, २०७५ को विपरीत रहेकोतर्फ पनि प्रतिवेदनमा ध्यानाकर्षण गराइएको छ । घटना घटेको अन्तिम महिनातिर वन तथा वातावरण मन्त्रालयले एउटा आधिकारिक अनुसन्धान सुरू गरे पनि एम्नेस्टी इन्टरनेसनल र सीएसआरसीले बारम्बार अनुरोध गर्दासमेत त्यस अनुसन्धानको परिणामबारे जानकारी पाउन नसकेका जनाइएको छ ।

बाढीका कारण निकुञ्जकै हिस्सा भनेर मानिएको आफ्नै जमिनमा दशकौंदेखि कुनै पहुँच नभए पनि बर्दियामा केही आदिवासी जनताहरूले मालपोत भने तिर्दै आएको पनि प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनका अनुसार कुनै समयमा फेरि पनि आफ्नो जमिन उपभोग गर्न पाइनेछ भन्ने आशामा र बालीनालीको क्षतिको क्षतिपूर्तिका लागि पनि मालपोत तिरेको रसिद आवश्यक पर्ने हुँदा उनीहरूले मालपोत तिर्ने गरेको एम्नेस्टी इन्टरनेसनल र सीएसआरसीलाई बताए ।

**खाद्य र स्रोतहरूमा पहुँच**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ‘संरक्षित क्षेत्रहरू’लाई सञ्चालन गर्ने मुख्य कानूनको रूपमा छ । उक्त कानूनले शिकार तथा चरन गर्न, रुख काट्न, जमिनमा खेती गर्न वा वन प्रयोगका साथै राष्ट्रिय निकुञ्ज वा वन्यजन्तु आरक्ष क्षेत्रमा कुनै पनि भवन बनाउन प्रतिबन्ध लगाएको छ । जसले आदिवासी जनजातिको जीवन शैलीमा गम्भीर प्रभाव पार्नुका साथै ठूलो परिवर्तन ल्याइदिएको एम्नेस्टीको भनाइ छ ।

मध्यवर्ती क्षेत्रको वनमा पहुँच भएका सो क्षेत्रमा बसोवास गर्नेबाहेक अन्य आदिवासी जनजातिहरूलाई राष्ट्रिय निकुञ्ज प्रवेशमा रोक लगाइएकाले पहिले नै वञ्चितीकरणमा परेका व्यक्तिहरूले आफ्नो आधारभूत आवश्यकता पुरा गर्न आफैँमा भर पर्नु परेकोतर्फ पनि प्रतिवेदनले ध्यानाकर्षण गराएको छ । प्रतिवेदनमा भनिएको छ, ‘उदाहरणको लागि खरको छानोको सट्टा जस्ताको छानो वा जडिबुटीको साटो चलनचल्तीको औषधि आदिका लागि चर्को मूल्य तिर्न उनीहरू बाध्य भएका छन् र परिणामस्वरुप खाद्य असुरक्षा तथा स्वास्थ्य र आवासका समस्याहरू पैदा हुने सम्भावना रहेको छ ।’

वैकल्पिक जीविकोपार्जनको अभाव, आर्थिक कठिनाइ र घर खर्च पूर्ति गर्न नसकेको कारण आफ्नै भूमिबाट निष्कासित गरिएका धेरै आदिवासी जनजातिहरू अरुको जमिनमा खेतीपाती गरेर पचास प्रतिशतमात्र उब्जनी आफूले लिने गरी बटैयादार बन्न बाध्य भएको प्रतिवेदनमा उल्लेख छ ।

‘कानूनीभन्दा पनि सामाजिक मान्यताहरूबाट सञ्चालित यस बटैया प्रणालीको गम्भीर मानवअधिकार परिणामहरू रहेका छन्,’ एम्नेस्टीले भनेको छ, ‘बाँके र बर्दिया जिल्लाहरूमा लिइएको अन्तर्वार्तामा स्थानीयहरूले जग्गाधनीहरूले आफूलाई बिना पारिश्रमिक घरेलु श्रममा लगाउने, घाँस दाउरा लिन पठाउने लगायतका काममा लगाएर बारम्बार शोषण गर्ने गरेको कुरा बताए ।’

**स्वेच्छाचारी गिरफ्तारी र हिरासत, यातना**

राष्ट्रिय निकुञ्ज तथा आरक्षहरूमा प्रवेश गरेको कारण आदिवासी जनजातिहरूलाई बारम्बार पक्रने तथा हिरासतमा लिने गरिएको प्रतिवेदनमा उल्लेख छ । ‘पक्राउ पर्नेमध्ये धेरैले निकुञ्जमा खटिएका सेनाबाट दुर्व्यवहारका साथै कहिलेकाहीँ यातनासमेत भोग्नु परेको छ,’ एम्नेस्टीले भनेको छ, ‘केहीको यातनाको कारण मृत्यु समेत भएको छ, जस्तै २०७७ साउन ( जुलाई २०२०) मा सेनाको कुटपिट पश्चात चितवनका २६ वर्षीय राज कुमार चेपाङको मृत्यु भएको थियो ।’

एम्नेस्टीका अनुसार राष्ट्रिय निकुञ्ज तथा ‘संरक्षित क्षेत्र’हरूमा पक्राउ गरी हिरासतमा लिने तथा घातक बल प्रयोग गर्ने सम्बन्धमा नेपाली सेनाको अधिकारलाई स्पष्ट रूपमा नेपालको कानुनले परिभाषित गर्न सकेको छैन । चितवनको मध्यवर्ती क्षेत्रमा हालै गरिएको एक अध्ययनले संरक्षणमा नेपाली सेनाको भूमिका बढ्दै गएको र राष्ट्रिय निकुञ्जहरूमा सैनिकीकरण बढ्दो रहेको जनाएको पनि प्रतिवेदनमा उल्लेख छ ।

संवैधानिक रूपमा आदिवासी जनजातिहरूको अधिकार संरक्षण गर्ने दायित्व रहेका सरकारहरू झन्डै आधा शताब्दीदेखि नेपालका आदिवासी जनजातिहरूलाई अधिकार सुनिश्चित गर्न नराम्ररी विफल भएको एम्नेस्टीको ठहर छ । ‘निष्कासित भएकाहरूलाई वैकल्पिक आवास र जग्गाको व्यवस्था गर्नुका साथै पुर्ख्यौली भूमिमा उनीहरूको निर्वाध पहुँच सुनिश्चित गरेर उनीहरूले भोगेका क्षतिहरूको परिपूर्ति गर्ने कार्य सुरू हुनुपर्दछ’ सीएसआरसीका कार्यकारी निर्देशक जगत बस्नेतले भने ।

यसका साथै संरक्षण क्षेत्रहरूको व्यवस्थापनमा आदिवासी जनजातिहरूको पूर्ण सहभागिता सुनिश्चित हुने गरी कानुनमा संशोधनका साथै नेपालका अधिकारीहरूद्वारा भएका हानिहरूमा उचित क्षतिपूर्ति उपलब्ध गराउने कुरामा सहमतिका लागि एउटा समावेशी प्रक्रिया अपनाउनुपर्नेमा उनले जोड दिए ।

# जनताको भावनाअनुसार सरकारले काम गरोस् : ओली

काठमाडौँ, २६ साउन (रासस) ।

नेकपा (एमाले) का अध्यक्ष तथा प्रतिपक्षी दलका नेता केपी शर्मा ओलीले सरकारले जनताको भावनाअनुसार काम गरोस् भन्ने आफ्नो सदिच्छा रहेको बताउनुभएको छ । अघिल्लो सरकारले अघि बढाएका कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिँदै उहाँले खराब नियत राखेर कतिपय कार्यक्रम अघि बढाउन नचाहेपछि बाध्यताले केही कार्यक्रमलाई निरन्तरता दिन आनाकानी गरिएको गुनासो गर्नुभयो ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा विशेष समय मागेर बोल्दै अध्यक्ष ओलीले नीति, कार्ययोजना, लक्ष्य र त्यहीअनुसारकै व्यवहार र प्रयास आफ्नो नेतृत्वको सरकारले गरेको जिकिर गर्नुभयो ।

उहाँले समृद्ध नेपालको राष्ट्रिय आकांक्षा प्राप्त गर्न आफ्नो पार्टीले उदार र फराकिलो भावनाका साथ चुनावी तालमेल र पार्टी एकीकरण गरेको जानकारी दिनुभयो । उहाँले विगतमा प्रतिपक्षसँग पनि संवाद सहमतिको सम्मानपूर्ण अभ्यास गरिएको जिकिर गर्नुभयो । त्यो बेला सहकार्य गरेर अघि बढ्ने नीति पनि लिइएको उहाँले जानकारी गराउनुभयो ।

कुनै नीति कार्यक्रम लिएर जनताबाट होइन अनुचित अभ्यासबाट दलभित्रका असन्तुष्टि, व्यक्तिका महत्वाकांक्षा, अहम, कुण्ठा र महत्वकांक्षा परिपूर्ति नहुँदा त्यसले सिर्जना गरेको विकृति क्रियाकलापबाट सरकार परिवर्तन हुने स्थिति बनेको ओलीले बताउनुभयो ।

विगतमा गलत कुरासँग कुनै सम्झौता नगर्दा कतिपयको अपेक्षा पूरा नभएको तथा ‘म भ्रष्टाचार गर्दिनँ र अरुलाई पनि भ्रष्टाचार

*बाँकी तीन पृष्ठमा*

# हाइब्रिड धानमा प्रविधि हस्तान्तरण परियोजना सञ्चालन गरिँदै

काठमाडौँ, २६ साउन (रासस)।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) र अन्तर्राष्ट्रिय धान अनुसन्धान प्रतिष्ठान (इरी)बीच हाइब्रिड धानमा प्रविधि हस्तान्तरण परियोजनामा सहकार्य हुने भएको छ। यसका लागि ती दुई सस्थाका बीचमा सहमति समेत भएको छ।

नेपालमै रहेका रैथाने जङ्गली जातको पहिचान र उपयोगबाट वर्णशङ्कर जातको विकास गरी धानमा आत्मनिर्भर बनाउने उक्त पाँचवर्षे परियोजनाले धान अनुसन्धानका क्षेत्रमा नयाँ आयाम थप्ने विश्वास गरिएको छ। प्रमुख खाद्यान्न बालिका रूपमा रहेको धानबालीले मुलुकको खाद्य सुरक्षामा ठूलो योगदान पुऱ्याएको छ।

सरकारको आर्थिक सहयोगमा सञ्चालन हुने परियोजनाअन्तर्गत वर्णशङ्कर धानको समग्र प्रविधिको विकास नेपालमै परिषद्का वैज्ञानिकका अगुवाइमा गरिने छ। परियोजनाका लागि आवश्यक पर्ने विज्ञान, प्रविधि, क्षमता र सीपको हस्तान्तरण इरीद्वारा हुनेछ। परियोजनाले धानको वर्णशङ्कर जातको विकास गर्न अत्याधुनिक प्रविधिद्वारा धान प्रजनन अनुसन्धानको प्रक्रियालाई छिटो, छरितो प्रभावकारी र विश्वसनीय बनाउने छ।

उक्त उच्च प्रविधि र नवीनतम सोचको उपयोग गर्न सक्ने नेपाली कृषि वैज्ञानिक पनि यस परियोजनाले विकास गर्ने जानकारी दिइएको छ। परियोजनाले वर्णशङ्कर धान बढी उत्पादनशील, जलवायु अनुकूलितरूपमा व्यवसायीकरण गर्ने उद्देश्य राखिएको छ। केही दिनअघि सञ्चालन सहमति भएको परियोजनाले वर्णशङ्कर जात धानको क्षेत्र विस्तार गरी धानको आयात प्रतिस्थापन हुँदै आत्मनिर्भर बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने छ र।

परियोजनामार्फत वर्णशङ्कर धानको व्यावसायिकरणका लागि आवश्यक पर्ने जनशक्ति, प्रविधि, ज्ञान, सीप हस्तान्तरण गर्दै नेपाललाई धानमा आत्मनिर्भरतातर्फ उन्मुख गराउने विश्वास लिइएको छ। यो परियोजनामा चलनचल्तीमा रहेको थ्री लाइन हाइब्रिड उत्पादन प्रविधिसँगसँगै टु लाइन हाइब्रिडको नवीनतम प्रविधिलाई स्वदेशमा भित्र्याइ जातीय विकास गरिनेछ।

परियोजना कार्यान्वयनपछि प्राप्त नतिजाका आधारमा नेपाल प्रविधिको प्रयोगका हिसाबले दक्षिण एशियाकै एउटा उपयुक्त केन्द्रका रूपमा विकास हुने विश्वास गरिएको छ। इरीका नेपाल प्रतिनिधि डा कृष्णदेव जोशी र परिषद्का कार्यकारी निर्देशक डा दीपक भण्डारीबीच परियोजना सञ्चालनका लागि सहमतिपत्रमा हस्ताक्षर भएको हो।

परियोजना पूर्णरूपमा कार्यान्वयनमा गएपछि तराई, पहाड र उच्च पहाडका कृषकको उत्पादकत्व वृद्धिसँगै नेपालमा खाद्यान्नको आयात घटाउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ। सो अवसरमा परिषद्का कार्यकारी निर्देशक डा भण्डारीले अनुसन्धानका क्षेत्रमा क्रियाशील दुई संस्थाबीचको सहकार्यले नेपालका कृषि वैज्ञानिकको क्षमता अभिवृद्धिसँगै कृषि प्रविधि विकासमा उदाहरणीय रहने छ भन्नुभयो। नेपाल कृषि प्रधान देश भए पनि पछिल्ला वर्षमा वार्षिकरूपमा लगभग रु ३२ अर्ब बराबरको चामल आयात गरिँदै आएको छ। नेपालमा वार्षिक प्रतिव्यक्ति चामलको खपत १३८ केजी रहेको छ।

वार्षिक धान ६१ लाख टन अर्थात् चामल ४७.६ लाख आवश्यता पर्छ। विगत तीन दशकमा कृषि अनुसन्धान परिषद्ले धानमा अत्यन्त लोकप्रिय जात खुमल चार, राधा चार, हर्दिनाथ एक तथा सुक्खा सहन सक्ने जातका धान उन्मोचन गरेको छ। देशमा यी धानको उत्पादन निकै राम्रो रहेको बताइएको छ। मुलुकमा अहिले ३२.५ लाख मात्र चामल उत्पादन भइरहेको छ। देशका ६५ प्रतिशतभन्दा बढी जनसङ्ख्या कृषिमा आधारित रहेकाले किसानको उत्थान र हाइब्रिड बालीबाट नागरिकको जीवनस्तरमा सुधार ल्याउन योगदान पुग्ने छ।

# सांसदद्वारा भ्रष्टाचार, हिंसा, कोभिड-१९ को महामारी र विपद्का घटना रोक्न माग

काठमाडौँ, २६ साउन (रासस)।

सांसदहरुले मुलुकमा देखिएको भ्रष्टाचार, अनियमितता, कोभिड-१९ को महामारी, मनसुनजन्य विपद्जस्ता घटना न्यूनीकरणमा गम्भीरतापूर्वक लाग्न सरकारको ध्यानाकर्षण गराउनु भएको छ। राष्ट्रियसभाको मंगलबारको विशेष समयमा बोल्दै उहाँहरुले बाढीपहिरोबाट प्रभावितको पुनःस्थापनका साथै उनीहरुलाई उचित क्षतिपूर्ति दिन पनि माग गर्नुभएको छ।

बैठकमा सत्तारुढ दल नेपाली कांग्रेसका सांसद तारादेवी भट्टले देशभर बाढीपहिरोबाट अत्यधिक क्षति पुगेकाले पीडितलाई उचित क्षतिपूर्तिका लागि सरकारसँग माग गर्नुभयो। उहाँले क्षति कम बेहोर्न दीर्घकालीन योजनाको खाँचो रहेको औँल्याउँदै भारतसँग देखिएको समस्या कूटनीतिक रुपमा समाधान गर्न पनि आग्रह गर्नुभयो। सोही पार्टीका सांसद रमेशजङ्ग रायमाझीले मुलुकको विकासका लागि र सरकारले बाटो नविराओस् भनेर गठबन्धन दलबाट साझा कार्यक्रम सार्वजनिक गरिसकेको बताउनुभयो। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारलाई कम्तीमा काम गर्न दिन पनि आग्रह गर्दै उहाँले सरकारले आगामी दिनमा जनताको पक्षमा काम गर्ने विश्वास व्यक्त गर्नुभयो।

सत्ता साझेदार नेकपा (माओवादी केन्द्र) का सांसद मायाप्रसाद शर्माले भ्रष्टाचार, अनियमितता र ढिलासुस्तीलाई उन्मूलन नगर्दासम्म मुलुकले सोचे अनुसारको विकास गर्न नसकिने बताउनुभयो। शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउन पनि उहाँले सरकारसँग आग्रह गर्नुभयो। कतिपय जिल्लामा विद्युत्लगायत विकास निर्माण कार्य अधुरै रहेकाले प्रक्रिया अघि बढाएर अधुरा योजना सम्पन्न गर्न सरकारसँग उहाँले अनुरोध गर्नुभयो। बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का खिमलाल भट्टराईले एक महिना पुग्दा पनि सरकारले पूर्णता नपाउनु दुःखद भएको उल्लेख गर्नुभयो। सत्ताधारी दलको आलोचना गर्दै उहाँले राजनीतिक दल बलियो भए मात्रै लोकतन्त्र बलियो हुने भनाइ राख्नुभयो।

सोही पार्टीका सांसद बिमला घिमिरेले दार्चुला घटनाका पीडितलाई उचित क्षतिपूर्ति दिलाउन सरकारसँग माग गर्नुभयो। कोरोनाविरुद्धको खोप लगाउने कार्य अव्यवस्थित भएकाले कोरोना सङ्क्रमण झन बढ्ने स्थितितर्फ उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो। कक्षा १२ को परीक्षा स्थगित गर्दा विद्यार्थी मारमा परेकोमा उहाँले चिन्ता प्रकट गर्नुभयो। सोही पार्टीका अगमप्रसाद वान्तवा राईले इलामको चिया बगानका समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। बगानले कर नतिरेको भन्ने गुनासोको वास्तविकता सार्वजनिक गर्न पनि सरकारसँग उहाँले माग गर्नुभयो। उहाँले चिया बगानलाई पर्यटन विकासमा भरपुर उपयोग गर्नु पनि आग्रह गर्नुभयो। एमालेकै तुलसाकुमारी दाहालले सरकारले भूमि समस्या समाधान आयोग खारेज गरेर भूमिहीनको समस्या बल्झाएको बताउँदै भारतीय सीमा क्षेत्रमा रहेका सीमान्तकृत र दलित परिवारको उचित व्यवस्थापनका लागि सरकारसँग माग गर्नुभयो। त्यहाँका परिवारलाई भारतीय सीमा सुरक्षाकर्मीबाट ज्यादती हुने गरेकातर्फ उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो। दाहालले समानतामा आधारित सिद्धान्त लागू गर्न पनि आग्रह गर्नुभयो।

एमालेकै उदया शर्मा पौडेलले महिला तथा बालबालिकामाथि कार्यक्षेत्रमा हुने हिंसा र दुर्व्यवहार रोक्न र उनीहरुलाई सुरक्षा प्रदान गर्न सरकारसँग अनुरोध गर्नुभयो। हिंसा र दुर्व्यवहारका घटना बढ्दो क्रममा रहेकाले तत्काल हिंसा र दुर्व्यवहारसम्बन्धी महासन्धी अनुमोदन गर्न पनि उहाँले माग गर्नुभयो। उहाँले छाडा र अपमानजनक शब्द प्रयोग गरेर गीत बनाउने क्रम देखिएकाले यसतर्फ कलाकारलाई सचेत गर्न पनि माग गर्नुभयो।

अर्का सांसद ठगेन्द्रप्रकाश पूरीले कोभिड-१९ सबैको साझा समस्या रहेकाले सबैले कर्तव्यका साथ सामना गर्न अनुरोध गर्नुभयो। उहाँले खोप अभियान बिना भेद्भाव र सरल रुपमा वितरण गर्नुपर्ने बताउनुभयो। उहाँले ४७ हजारले कोरोना बीमा रकम प्राप्त गरेपनि एक लाख ९६ हजार बढीले बीमा रकम प्राप्त गर्न नसकेकाले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो।

## जनताको भावना ...

गर्न दिन्नँ' भन्दा कतिलाई धक्का पुगेको र त्यही कारण आफ्नै पार्टीभित्र पनि धक्का पुगेको उहाँले बताउनुभयो।

नेता ओलीले आफू देश र जनताको सेवाको निम्ति जन्मिएको तर प्रधानमन्त्री हुन नजन्मिएको जिकिर गर्नुभयो। काम गर्दै जाँदा प्रधानमन्त्री भएको र अब पनि जनताको जनमतमार्फत मूल ढोकाबाटै सरकारमा सहभागी हुने उहाँको भनाइ थियो।

उहाँले महत्वकांक्षा, स्वार्थ, असफलताबाट उछिट्टिएर र परमादेशबाट पनि आफू प्रधानमन्त्री नभएको बताउनुभयो। उहाँले आफूमाथि विश्वास गरेर सुम्पिएको जिम्मेवारी अपवित्र, असंवैधानिक गठबन्धनबाट खोसिएको र त्यस्तो राजनीतिमा कहिलेकाहीँ हुने पनि बताउनुभयो।

उहाँले अदालतको निर्णयमाथि बहस हुँदै जाने विश्वास व्यक्त गर्दै प्रधानमन्त्रीबाट हट्नुपरेकोमा चिन्ता छैन भन्नुभयो। "अदालत जस्तो सबैले विश्वास गर्ने जनताको भरोसाको संस्था असन्तुलित नहोस् भन्नेमा मात्रै मेरो चिन्ता हो, लोकतान्त्रिक प्रणालीका संस्था आ-आफ्नो मर्यादामा बसेर काम गरोस् भन्नेमा मात्रै मलाई चिन्ता छ", उहाँले भन्नुभयो।

उहाँले अहिले राष्ट्रिय उद्देश्यमा केन्द्रित भएको सरकारको आवश्यकता औँल्याउनुभयो। अघिल्लो सरकारले धेरै राम्रो काम गरेको तथा छिमेकीसँग सन्तुलित व्यवहार गरिएको र राष्ट्रिय सम्मानलाई झुक्न नदिएको उहाँको जिकिर थियो। अहिले सत्ता र प्रतिपक्ष संवादहीन अवस्थामा पुगेको उहाँले बताउनुभयो। कतिपय कामलाई अहिलेको सरकारले नचाहेर पनि निरन्तरता दिएको उहाँले बताउनुभयो।

संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रमको सन्दर्भमा अध्यक्ष ओलीले संसद् छलेर उक्त कार्यक्रम किन आयो भनी प्रतिप्रश्न गर्नुभयो। अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) को बारेमा नेपाली जनताले जान्न चाहेको उल्लेख गर्दै अध्यक्ष ओलीले भन्नुभयो, "प्रधानमन्त्रीज्यू एमससिसीको बारेमा के गर्नुहुन्छ र लिम्पियाधुरा, लिपुलेक, कालापानी वार्ताद्वारा फिर्ता ल्याउँछु भनेर किन भन्न सक्नुभएन ?" अध्यक्ष ओलीले द्वन्द्वपीडितलाई न्याय दिन पनि आग्रह गर्नुभयो।

# विश्व समाचार

## अमेरिका गैरजिम्मेवाररुपमा बाहिरिँदा अफगानिस्तानमा समस्या भयो : पाकिस्तानी विदेशमन्त्री

इस्लामावाद, २६ साउन (रासस/सिन्ह्वा)।

पाकिस्तानका विदेशमन्त्रीले अफगानिस्तानबाट अमेरिका गैरजिम्मेवाररुपमा नस्किएको बताउनु भएको छ।

पाकिस्तानका विदेशमन्त्री साह मोहमद कुरेसीले अफगानिस्तानबाट अमेरिकाले आफ्ना सेना गैरजिम्मेवाररुपमा बाहिर निकालेकाले यो अवस्था आएको बताउनुभएको छ।

अमेरिका र नेटो सेना अफगानिस्तानबाट निस्किएपछि त्यहाँको अवस्था अराजक बन्दै गएको उहाँले बताउनुभएको छ।

विदेशमन्त्री कुरेसीले भन्नुभएको छ कि अमेरिकाले आफ्नो र नेटो सेनालाई बिना कुनै तयारी गैरजिम्मेवारीरुपमा निकालेकाले त्यहाँ तालिबान विद्रोहीहरुले अराजकता मच्चाउन थालेको बताउनुभएको हो।

उहाँले सोमबार पाकिस्तानको इस्लामावादमा आयोजना गरिएको पत्रकार सम्मेलनमा भन्नुभएको छ, अमेरिकाले आफ्नो र नेटो सेनालाई जिम्मेवार र व्यवस्थितरुपमा फिर्ता गरेको भए अहिलेको यो अराजक अवस्था आउने थिएन, तर अमेरिकाले यसतर्फ ध्यानै दिएन।

हाल अफगानिस्तानबाट अमेरिकी र नेटो सैनिक फिर्ता भइरहेका समयमा देशैभरि हिंसा भएको र यसका कारण अराजकताको अवस्था आएको उहाँले बताउनुभएको छ।

अमेरिकाले व्यवस्थितरुपमा यहाँबाट सेना फिर्ता गर्ने योजना बनाउनुपर्नेमा त्यसो नगरेको र जसका कारणले अहिले तालिबानले देशमा हिंसा गरिरहेको उहाँले बताउनुभयो।

अफगानिस्तानमा शान्ति स्थापनाका लागि विगतमा पाकिस्तानले पनि धेरै काम गरेको भन्दै उहाँले तर अहिले आएर यहाँको शान्ति प्रक्रिया धरापमा परेकोमा पाकिस्तानलाई चिन्ता लागेको उहाँले बतााउनुभयो।

## अफगानिस्तानमा तालिबानले विभिन्न स्थानमा कब्जा जमाउँदै

काबुल, २६ साउन (रासस/सिन्ह्वा)।

पछिल्ला केही सातायता अफगानिस्तानका तालिबानले विभिन्न स्थानमा विजय हासिल गरेको भन्दै यहाँका सरकारी कार्यालय तथा विभिन्न प्रान्तकब्जा गरिरहेको बताएका छन्।

उनीहरुका अनुसार हालसम्म अफगानिस्तानका तालिबानले छ प्रान्तीय राजधानी कब्जा जमाउन सफल भइसकेको विभिन्न समाचारमा जनाइएको छ। उनीहरुले कब्जा गरेकामध्ये कुन्दुज पनि एक हो। यो प्रान्त कब्जा गरेको घटनालाई अफगानिस्तानका तालिबाले निकै महत्वपूर्ण रहेको पनि भनेका छन्।

अफगानिस्तानमा पछिल्लो समयमा बिग्रँदो अवस्थाबीच युद्धबिरामका लागि पनि केही अन्तरराष्ट्रिय अपिल भएकोमा त्यसलाई तालिबान बिद्रोहीले अस्वीकार गरेको छ।

तालिबानले पछिल्लो समय अफगानिस्तानमा एकपछि अर्को मुख्य सहर कब्जा जमाइरहेकोले पनि यस अपिललाई अब आवश्यक नरहेको प्रतिक्रिया दिएका छन्।

पछिल्ला दिनमा तालिबानले अफगानिस्तानमा हमलाका घटना बढाएका छन्। यसबीच अमेरिकी र अफगान विमानले विद्रोहीमाथि कयौँ हवाई हमला गरेका छन्। अफगान अधिकारीले यी हमलामा कैयौँ मानिसको ज्यान गएको बताएका छन्।

तालिबानले अमेरिकालाई अफगानिस्तानमा थप कारबाही नगर्न चेतावनी दिएका छन्। उत्तरी अफगानिस्तानका तीन शहरमा मात्र केही घण्टाको अन्तरमा तालिबानले कब्जा जमाएको खबर बाहिर आएपछि अमेरिकी सेनाले हवाई हमला गरेको थियो।

कुन्दुजको स्थिति निकै अशान्त रहेको बताइएको छ। सामाजिक सञ्जालमा तालिबान लडाकु कुन्दुज र सर-ए-पुलको सरकारी भवनमा प्रवेश गरेको बताइएको छ।

यता अफगान सरकारी सुरक्षा बलले भने अझै पनि कुन्दुजमा तालिबानसँग सङ्घर्ष गरिरहेको पाइएको छ। तालिबानका अधिकारीले उनीहरूले बागलान प्रान्तको राजधानी पुल-ए-खुमरीलाई निशाना बनाउने तयारी गरेको जानकारी दिएका छन्।

## भारतमा २४ घण्टामा २८ हजारभन्दा बढी सङ्क्रमित थथ

नयाँदिल्ली, २६ साउन (रासस/एएनआई)।

भारतमा कोरोना भाइरसबाट एकैदिनमा थप २८ हजार २०४ जना सङ्क्रमित भएका छन्। सरकारी अधिकारीले दिएको जानकारीअनुसार गत १४७ दिनयता एकै दिनमा सङ्क्रमित भएका यो सबभन्दा कम संख्या हो।

अघिल्ला दिनको तुलनामा दैनिक सङ्क्रमितको सङ्ख्यामा क्रमशःकम हुँदै आएको स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले जानकारी दिएको छ। भारतमा अहिलेसम्म कूल सङ्क्रमितको सङ्ख्या तीन करोड १९ लाख ९८ हजार १५८ पुगेको अधिकारीले सोमबार जानकारी दिएका छन्। मन्त्रालयका अनुसार अहिले भारतमा सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या तीन लाख ८८ हजार ५०८ रहेको छ। अघिल्लो दिनको तुलनामा यो सङ्ख्या घटेको छ। थपिएका सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या बढी भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या घटेको हो।

पछिल्लो एक दिनमा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या ४१ लाख ५११ रहेको छ। योसँगै भारतमा अहिलेसम्म तीन करोड ११ लाख ८० हजार ९६८ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। कूल सङ्क्रमितमध्ये अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको सङ्ख्या ९७.४५ प्रतिशत हो। भारतमा कोरोना भाइरसका कारण पछिल्लो एक दिनमा ३३७ जनाको मृत्यु भएको छ भने अहिलेसम्म कूल मृतकको सङ्ख्या चार लाख २८ हजार ६८२ पुगेको छ।

# एक सय ४७ छात्रालाई साईकल बितरण



**दैनिक समाचारदाता राजविराज, २६ साउन ।**

प्रदेश २ का समाजिक विकास मन्त्री नवल किशोर साहले "बेटी बचाउ बेटी पढाऔं" कार्यक्रम अन्तर्गत एकै दिन सप्तरीका पाँच विद्यालयका १ सय ४७ जना छात्रालाई साईकल बितरण गरेका छन् ।

मन्त्री साहले जिल्लाको शंकर माध्यमिक विद्यालय, चुमनहरी माध्यमिक विद्यालय, माध्यमिक विद्यालय डिमन, माध्यमिक विद्यालय गोईठी र जनता माध्यमिक विद्यालयका गरी कक्षा ८ मा अध्ययनरत १ सय ४७ जना छात्रालाई साईकल वितरण गरेका हुन ।

उनले शिक्षामा छोरीको पहुँच अभिवृद्धि तथा उनीहरुको मनोवल उच्च बनाउन साईकल वितरण कार्यक्रम ल्याइएको जानकारी दिदै छोरीलाई नियमितरुपमा विद्यालय पठाउन अभिभावक संग आग्रह पनि गरे ।

साईकल वितरण कार्यक्रममा कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्र, तिरहूत गाउँपालिकाका प्रमुख हेमन्त बहडखेर, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवका साथै स्थानीय अभिभावकहरुको उपस्थिती रहेको थियो ।

# बेलुकी ८ बजेपछि सवारी संचालनमा रोक

काठमाडौँ, २६ साउन (रासस) ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले उपत्यकामा आगामी बिहीबार बेलुकी ८ बजेदेखि लागू हुने गरी सार्वजनिक तथा निजी सवारी साधन सञ्चालनमा रोक लगाएको छ ।

काठमाडौँका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले मंगलबार जारी गर्नुभएको निषेधाज्ञामा पछिल्लो समय कोभिड-१९ सङ्क्रमण बढ्दै जाँदा काठमाडौँ उपत्यकामा रात्रिकालीन सवारी साधनको आवतजावतमा कडाइ गरिएको बताइएको छ । अत्यावश्यक सवारीसाधन जुनसुकै समयमा सञ्चालन गर्न पाइने जारी आदेशमा भनिएको छ ।

त्यस्तै निषेधाज्ञाको समय आगामी भदौ ८ गतेसम्म थप गरिएको छ भने अन्य प्रावधान पहिलेकोलाई नै निरन्तरता दिइएको आदेशमा उल्लेख गरिएको छ ।

## *थप ४ हजार ९ ...*

हो । तीमध्ये ५ हजा ९ सय ६ जनाको परीक्षण एन्टिजन विधिबाट र अरूको पीसीआर विधिबाट गरिएको हो ।

अहिले कुल परीक्षणको १९.४ प्रतिशतमा संक्रमण देखिएको मन्त्रायलको तथ्याङ्कले देखाएको छ । मन्त्रालयका अनुसार गत २४ घण्टाको अवधिमा २ हजार १ सय १५ जना संक्रमणमुक्त भएका छन् । नेपालमा कोभिडका कारण १.५ प्रतिशत संक्रमितको मृत्यु भएको छ ।

संक्रमितमध्ये ३३ हजार ९ सय ८५ जना घरमा तथा ३ हजार ३ सय ४७ जना संस्थागत आइसोलेशनमा छन् । अहिले ७ सय ६१ जना देशभरिका विभिन्न अस्पतालका आईसीयूमा र १ सय ७६ जना भेन्टिलेटरमा छन् ।

## *एजेन्टको प्रलोभनमा ...*

पनि आवश्यक पहल जारी रहेको जवाफ पाएको बताए ।

यसबारे इलाका प्रहरी रुपनीका सई अवधेश चौवेले जिल्लाबाट निज अशोक यादवलाई पक्रिन पक्राउ पुर्जी समेत जारी भइसकेको र उनको खोजतलास तिब्र बनाइएको जानकारी दिएका छन् ।

सीप र सूचना नलिई एजेन्टको प्रलोभनमा परि बैदेशिक रोजगारीमा गएका कारण जिल्लाका धेरै यूवाहरु ठगिने र विदेशी भूमिमा अलपत्र पर्ने गरेका छन् ।

# कर नबुझाउने ४० करदातामाथि कानूनी कारवाही, जग्गा र बैंक खाता रोक्का

लहान, २६ साउन (रासस) ।

लामो समयदेखि कर नबुझाएका ४० करदातामाथि आन्तरिक राजस्व कार्यालय लहानले कानूनी कारवाही अघि बढाएको छ । दर्ता भएर पनि कर नबुझाउने ४० करदातामाथि कानूनी कारवाहीस्वरूप कारोवार, बैंक खाता र चलअचल सम्पत्ति रोक्का गरिएको कार्यालयका प्रमुख रामप्रसाद खतिवडाले जानकारी दिनुभयो ।

रु पाँच लाखसम्म कर बक्यौता राखेका ७५ करदातामाथि कानूनी कारवाही अघि बढाइएकामा आर्थिक वर्ष २०७७/७८ मा ३५ जना करदाताबाट रु पाँच करोडभन्दा बढी बक्यौता असुली भएको प्रमुख खतिवडाले बताउनुभयो । मूल्य अभिवृद्धि कर, आयकर तथा अन्तःशुल्कतर्फ दर्ता भएयता कर नबुझाएका ४० करदातामाथि कानूनी कारवाही प्रक्रिया अघि बढाइएको प्रमुख खतिवडाको भनाइ छ ।

यसैबीच कोभिड-१९ को सङ्क्रमण र जनशक्तिको अभावका बाबजुद कार्यालयले आर्थिक वर्ष २०७७/७८ मा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गर्न सफल भएको छ । तत्कालीन सगरमाथा अञ्चलको छ वटा जिल्लामा कार्यक्षेत्र बनाएको कार्यालयले आव २०७७/७८ मा रु तीन अर्ब छ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा करिब १०८ प्रतिशत अर्थात रु तीन अर्ब ३१ करोड राजस्व सङ्कलन भएको प्रमुख खतिवडाले बताउनुभयो ।

उहाँका अनुसार आव २०७७/७८ मा आयकरतर्फ रु एक अर्ब ६३ करोड, मूल्य अभिवृद्धि करतर्फ रु एक अर्ब आठ करोड र अन्तःशुल्कतर्फ रु ५९ करोड आठ लाख राजस्व सङ्कलन भएको छ । यो गत आर्थिक आर्थिक वर्षको तुलनामा १७ प्रतिशत बढी राजस्व सङ्कलन हो ।

गत आव २०७६/७७ मा रु तीन अर्ब ४५ करोड राजस्व सङ्कलनको लक्ष्य लिएकामा करिब ८१ प्रतिशत अर्थात रु दुई अर्ब ८१ करोड राजस्व सङ्कलन भएको थियो । कार्यालयका अनुसार आर्थिक वर्ष २०७७/७८ मा १२ हजार ८४२ व्यवसायी र २० हजार ८४४ व्यक्तिगत नयाँ प्यान दर्ता भएको जनाएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा करदाता शिक्षा कार्यक्रमअन्तर्गत छ वटै जिल्लामा आर्थिक ऐन, २०७७/७८ ले प्रदान गरेको करसम्बन्धी छुट तथा सुविधाबारे सचेतना कार्यक्रम सञ्चालन गरेपछि जनशक्ति अभाव र कोभिड-१९ को सङ्क्रमणका बाबजुद राजस्व सङ्कलनमा वृद्धि भएको प्रमुख खतिवडाको भनाइ छ ।

कार्यालयमा छ जना कर अधिकृतको दरबन्दीमा चार जना र १० जना नायब सुब्बाको दरबन्दीमा तीन जना कर्मचारी मात्र कार्यरत रहँदा कार्यालयको कामकाज प्रभावित हुँदै आएको जनाइएको छ । दरबन्दी अनुसारको कर्मचारी पठाइदिन पटकपटक आग्रह गर्दै आए पनि अझै कर्मचारी नपठाउँदा समस्या भइरहेको प्रमुख खतिवडाले बताउनुभयो ।


नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

राजविराज, सप्तरी

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स :०३१-५२०६२४

प.सं. :२०७८/०७९ (प्रशा.)
च.नं.

**जिल्ला प्रशासन कार्यालय,सप्तरीको**

**अत्यन्त जरुरी सूचना**

मितिः २०७८।०४।२६

जिल्ला प्रशासन कार्यालय, सप्तरीमा सेवा लिन आउने सेवाग्राहीहरुले यस कार्यालयबाट प्रदान हुने सेवाहरुका लागि आवश्यक पर्ने ठाडो उजुरी लगायतका निवेदनका लागि कुनै बाह्य ब्यक्ति मार्फत नलेखाई संभव भए सम्म व्यक्ति स्वयमले वा यसै कार्यालयका सम्बन्धित फाँटका कर्मचारीसँग सहयोग लिई समान्य व्यहोरा लेखि लेखाई सेवा लिन हुन सम्पूर्ण सेवाग्राहीहरुमा अनुरोध छ ।

साथै, निवेदनका लागि प्रयोग हुने कागज निशुल्क रुपमा यस कार्यालयबाट उपलब्ध हुने व्यहोरा समेत अनुरोध छ ।

२०७८-०४-२६

सहायक प्रमुख जिल्ला अधिकारी



**लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं**

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु


कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



**भिडभाड हुने स्थान** जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

**भौतिक दूरी कम हुने स्थान** जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

**भेन्टिलेशन नभएको** वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*